CIVIC ACTION TEAMS

२३.०९.२०७७

बुलेटिन

२

GOV-HER-NANCE

"Gov-her-nance" महिलाको भुमिका, स्थानीय विकास र खुला सरकार सम्बन्धी विद्यमान समस्याको समाधान गर्ने हेतुले नयाँ आवाजलाई स्थान दिने एक पृथक अवधारणा हो । Gov-her-nance बुलेटिनले नेपाल भरिका विभिन्न समुदायबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । हामी यस बुलेटिनको माध्यमबाट महिला तथा लैंगिक अल्पसंख्यकका मुद्दालाई बाहिर ल्याएर धनगढी उप-महानगरवासी र उप-महानगरपालिका बिचको सूचनाको दुरी कम गरी लैंगिक मैत्री उप-महानगरको अवधारणालाई साकार पार्ने लक्ष राख्दछैं ।

धनगढी उप-महानगरपालिका वडा नं. २ का ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण गरिदै

तस्वीर : रत्ना विष्ट

लैंगिक हिंसा निवारणसँग प्रत्यक्ष सम्बन्ध राख्ने धनगढी उप-महानगरपालिकाका बजेट तथा कार्यक्रमहरु

लैंगिक हिंसा निवारण तथा बाल संरक्षण सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन **रु. १,००,०००**	लैंगिक हिंसा निवारणमा पुरुष सहभागिता प्रवर्द्धनका लागि तीन दिने शसक्तिकरण तालिम **रु. २,००,०००**	लैंगिक हिंसामा आधारित हिंसा तथा प्रजनन् स्वास्थ्यको सात दिने तालिम **रु. ३,५०,०००**	हिंसा पीडित र द्वन्द पीडितलाई मनोपरामर्श तालिम **रु. १,५०,०००**
हिंसा पीडित महिलाको न्यायमा पहुँच सम्बन्धी अन्तरकृया **रु. २,००,०००**	धनगढी उपमहानगरपालिका वडा नं. ७ का महिलालाई आत्मरक्षा तालिम (तेक्वान्दो) **रु. ५०,०००**	सचेतनामुलक कार्यक्रम तथा अभियान सञ्चालन **रु. १,००,०००**	स्थानीय तहको लैंगिक हिंसा निवारण कोषमा रकम **रु. १,००,०००**

स्रोत : https://dhangadhi.susasan.org/mun-detail/programmes

accountabilitylab NEPAL

हल्ला र तथ्य

मैले सुने अनुसार श्रमिक महिलाले सुत्केरी बिदा पाउँछन रे । के यो बिदाको पनि पारिश्रमिक पाईन्छ ? कति समयको लागि विदा पाउने हो ?

गर्भवती महिला श्रमिकले प्रसूतिको अघि वा पछि १४ हप्ताको प्रसूति बिदा पाउँछन । प्रसूति बिदा लिने महिला श्रमिकले ६० दिनको पूरा पारिश्रमिक पाउँछन् भने त्यो भन्दा बढी अवधिको पारिश्रमिक पाउँदैनन् । यदि प्रसूति भएको महिलाको वा उनको शिशुको स्वास्थ्यको लागि थप आराम आवश्यक परेमा मान्यता प्राप्त चिकित्सको सिफारिसको आधारमा रोजगारदाताले प्रसूति बिदासँगै निरन्तर हुने गरी चौध हप्ताको प्रसूति बिदा अवधिमा थप एक महिनासम्मको वेतलबी बिदा स्वीकृत गर्ने वा अन्य बिदामा समायोजन हुने गरी बिदा दिने प्रावधान छ । यति मात्र नभएर, कुनै पुरुष श्रमिकको श्रीमती सुत्केरी हुने भएमा, पारिश्रमिक सहितको १५ दिन प्रसूति स्याहार बिदा पाउँछन ।

श्रोत : श्रम ऐन, २०७४

न्यायिक समितीले पीडित महिला वा उनिहरुमा निर्भर बच्चाहरुको सुरक्षा सुनिश्चित गर्न निम्न उल्लेखित अन्तरिम आदेशहरु प्रदान गर्न सक्छः

१. पीडितलाई उनिहरु बसिरहेको घरमा बस्न, खान लगाउन, अनुमति दिँदै उनीहरुमाथी शारीरिक शोषण नहुने र एक सभ्य ढंगले व्यवहार सुनिश्चित गर्ने।

२. पीडितलाई शारीरिक वा मानसिक रुपमा चोट भएमा औषधि उपचारको व्यवस्था गर्ने ।

३. आवश्यक परेमा पीडितको लागि एक वैकल्पिक आवास र खानाको प्रबन्धन गर्ने ।

४. पीडितलाई कुनै किसिमको दुर्व्यवहार र खतरा छैन भनेर सुनिश्चित गर्ने ।

५. पीडितको हितको लागि कुनै पनि अन्य आवश्यकता पूरा गर्ने ।

श्रोतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४

हिंसाको विरुद्ध बोल्दा आफु र आफ्नो बच्चाको सुरक्षा नै खतरामा पर्छ । के उजुरी गरेपछि, स्थानिय तह (न्यायक समितिमा),ले मलाई सुरक्षा दिन सक्छ ?



गर्भवती महिलाका लागि धनगढी उप-महानगरपालिकाले निशुल्क अल्ट्रासाउन्ड सेवा उपलब्ध गराउने कुरा साँचो हो ?

धनगढी उप-महानगरपालिकाको "ग्रामीण महिला विकास" कार्यक्रम अन्तर्गत गर्भवती महिलालाई निःशुल्क अल्ट्रासाउन्ड सेवा दिन फुलबारी स्वास्थ्य चौकी वार्ड नं. १९ मा अल्ट्रासाउन्ड मेशिन स्थापना गरेको छ । महिलाहरुले गर्भावस्थाको समयमा यो सेवा लिन सक्दछन् । यो सेवा लिए वापत कुनै पनि शुल्क लाग्दैन ।

स्रोत : जगन्नाथ पन्त, प्रमुख प्रशासकिय अधिकृत, धनगढी उप-महानगरपालिका, कैलाली

कथा

श्रीमान मदिराको कुलतमा फसेपछि घरेलु हिँसा भोग्दै टिका

धनगढी उप-महानगरपालिका वडा नं. ७ अस्थायी रुपमा बसोबास गर्दै आएकी जोशिपुर, कैलालीकी टिका चौधरी (नाम परिवर्तन) वर्षौंदेखी घरेलु हिँसाबाट पीडित हुँदै आएकी छिन् । दैनिक ज्याला मजदुरी गर्ने चौधरी आफ्नै श्रीमानबाट हिँसा सहदै आएकी छिन् । उमेरले झण्डै ३० को हाराहरिमा पुगेकी उनलाई आफु जन्मेको तिथी मिती थाहा छैन । उनी साक्षर सम्म छैनन् । उनलाई हिँसा सम्बन्धी उपचार कहाँ, कसरी पाईन्छ भन्ने समेत कुनै जानकारी छैन । तेजराम चौधरी (नाम परिवर्तन) सँग मागी विवाह गरेर आएकी टिकाका दुई सन्तान छन् । जेठो छोरा १३ वर्षका भए भने कान्छो छोरा ८ वर्षका भए ।

बिवाह भएको ५/६ महिना त श्रीमानले राम्रै गरे, तर पछी मदिराको कुलतमा लागेपछी उनलाई नराम्रो व्यवहार गर्न थाले । अहिले श्रीमानले मदिरा सेवन गरेर सधैंजसो कुटपिट गर्ने, यातना दिने गरेकाछन् । ज्याला मजदुरी गरेर दैनिक ४७५ रुपैयाँ कमाउने टिकाले श्रीमानको तलब देख्न समेत पाउदिनन् । दुई छोराहरुको पढाई शुल्क पनि आफैले मजदुरी गरेर जोहो गर्ने गरेकी छिन् ।

जनयुद्धको बेला साथीहरुको लहैलहैमा लागेर युद्धमा होमिएकी टिका बिचमै भागेर युद्ध छोडिन् । तत्कालिन माओवादीमा आवद्ध सहकर्मीबाटै हिँसामा परेपछि उनी त्यहाँबाट भागेकी थिइन् । अहिले घरमा श्रीमान श्रीमतिको छुट्टाछुट्टै चुल्हो छ । उनिहरुसँग आफ्नै जग्गा जमिन छैन । अरुको जग्गामा घर बनाएर बसेका छन् ।

बिहान जग्गा मालिकको घर सफा गर्ने गरेकी टिका बिहानको सबै काम सकेर आफ्नो काममा निस्किन्छिन् । लामो समयदेखी श्रीमानबाट हिँसा सहादै आएकी टिका अब श्रीमानसँग छुट्टिएर बस्न चाहन्छिन् । श्रीमानले यातना दिन थालेपछि छोराहरुको पढाई बिग्रेको र जेठो छोरो ठुलो भइसकेकोले कतै उ पनि कुलतमा फस्छकी भन्ने चिन्ताले उनलाई सताइरहेको छ । उनि आफ्नो श्रीमानसँग छुट्टिएर बस्न चहान्छिन् । तर, त्यसको कानूनी बाटो पनि उनलाई थाहा छैन् । उनले अहिले पालिकाले पनि यस्तो विषयमा उजुरी सुन्छ भन्ने सुनेकाले त्यहाँ जाने सोच बनाएकिछिन् ।



समुदायको प्रतिनिधी आवाज

गीता पन्त

वडा सदस्य,
धनगढी उप-महानगरपालिका वडा नं. १०

मेरो बुवा सामाजिक कार्यमा संलग्न हुनुहुन्थ्यो । मलाई पनि उहाँले सानै उमेर देखी अरुको सेवा गर्नुपर्छ भनेर सिकाउनुभएको थियो । संयोगवस मेरो श्रमान पनि बुवा जस्तै समाजमा विश्वास जितेको व्यक्तित्व हुनुहुन्छ । म उहाँहरु दुबैजनाबाट प्रभावित भएकोले समाजको लागि योगदान गर्न चाहन्छुँ । अरुको सेवा गर्न पाउँदा मलाई आनन्द आउँछ । म महिला कोटाबाट भन्दा पनि समग्रमा चुनाव लडेर विजयी भएकी थिएँ । मेरो क्षेत्रमा धेरै जनजाती समुदायको बसोबास रहेको छ । शिक्षा र अन्य हिसावले पनि यो समुदाय केही पछाडी नै छ । मेरो लक्ष भनेको उनिहरुको जीवनस्तर उकास्नमा हुनुपर्छ भनेर लागिपरेकी छुँ । त्यस मध्ये पनि लैंगिक मुद्दाले मलाई आकर्षित गर्ने गर्दछ । मलाई यो मुद्दा महिलाको मात्र नभएर पुरुषको पनि हो जस्तो लाग्छ । त्यसैले, लैंगिकताको मुद्दामा आवाज उठाउन एकजुट भएर अगाडी बढ्न जरुरी छ ।

रत्ना विष्ठ

न्यायिक समिति सदस्य
धनगढी उप-महानगरपालिका

मलाई मेरो परिवारबाट राम्रो साथ र सहयोग छ । मलाई थाहा छ, सबै महिलाले मैले जसरी परिवारबाट साथ र सहयोग पाउँदैनन् । म घरको काम सकेर नै छलफलहरुमा सहभागी हुने गरेकी छुँ । आवश्यकता अनुसार मैले भिन्दाभिन्दै ठाउँमा सञ्चालित छलफल तथा कार्यक्रममा सहभागि हुनुपर्ने हुन्छ । मलाई सवारी साधन चलाउन नआउने भएकोले, मैले पुरुष सहकर्मीको सहयोग लिनुपर्ने हुन्छ । यसरी हिँड्दा समाजले नकारात्मक दृष्टिले हेर्ने गर्दछ । यस्ता टिप्पणीले मलाई केही निरास बनाउने गर्दछ । सामाजिक विकास होस वा अन्य हरेक क्षेत्रहरुमा पुरुषको संख्या हावी भएकोले पनि महिलाको हकलाई सुनिश्चित गर्ने निर्णय लिन हामीलाई गाह्रो भईरहेको छ । पहिलेका वर्ष भन्दा अहिले महिला र लैंगिक अल्पसंख्यकका लागि धेरै कार्यक्रमहरु थपिएकाछन् । यदि हामिले महिलामैत्री कार्यक्रमको अवधारणा ल्याउने हो भने, यसले वास्तवमै लैंगिक समावेशिकरणको मुद्दालाई अझै प्रभावकारी रुपामा उठान गर्न सकिन्छ ।

CIVIC ACTION TEAMS

DISCLAIMER

यो अंकमा समेटिएका जानकारीहरु समुदायमा काम गरिरहेका स्वम्सेवक, अनलाईन माध्यममा उपलब्ध आधिकारिक स्रोत, सरकारी कार्यालय र अकाउन्टविलिटी ल्याब नेपालको फेलोसिप अन्तरगत काम गरिरहेको महिलाको समुहले विभिन्न व्यक्तिह(रुसँग विगत एक हप्तामा प्रत्यक्ष तथा अप्रत्यक्ष गरेको कुराकानीका् आधारमा संकलन गरिएकाहुन् । विषयको महत्व, सान्दर्भिकता र यसले धनगढी उप-महानगरपालिकामा पार्न सक्ने सकारात्मक प्रभावलाई ध्यान दिएर प्रस्तुत विषयवस्तु छनोट गरिएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

“Gov-her-nance” अकाउन्टविलिटी ल्याब नेपालले धनगढी उपमहानगरपालिकासँगको सहकार्य र CFLI को सहयोगमा तयार गरिएको हो ।

accountabilitylab NEPAL

DHANGADHI SUB-METROPOLITAN CITY

Activity supported by the Canada Fund for Local Initiatives
Activité réalisée avec l'appui du Fonds canadien d'initiatives locales
Canada

@CivicActionTeams @CivActs @civacts

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219